दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १७५ | बुटवल | २०८३ असार १५ गते, सोमबार | नेपाल संवत ११४६ | Monday Jun 29, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

### मदन भण्डारी जन्म जयन्तीमा वाम सहकार्यमा जोड :

# 'कम्युनिस्ट आन्दोलनलाई समयसापेक्ष परिवर्तन गर्न आवश्यक'

**लुम्बिनी संवाददाता**

*बुटवल*



पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले फागुन २१ को निर्वाचनको मतपरिणामकै कारण नेपालमा कम्युनिस्ट आन्दोलन सकिएको निष्कर्ष निकाल्न नहुने बताएकी छन् । मदन भण्डारी फाउन्डेसनले मदन भण्डारी जन्म जयन्तीको अवसरमा गरेको विचार गोष्ठी कार्यक्रमलाई सम्बोधन गर्दै उनले कम्युनिस्ट आन्दोलनलाई समयानुकूल परिवर्तन गर्न आवश्यक रहेको बताएकी हुन् ।

'निर्वाचनले कम्युनिस्ट दलहरूलाई गम्भीररुपमा वैचारिक बहस गर्न अपरिहार्य बनाएको छ । एक निर्वाचनको मतरिणामबाट कम्युनिस्ट आन्दोलनबारे निष्कर्ष निकाल्न हतारो गर्नु हुँदैन,' उनले भनिन्- 'तथापि जनताले व्यक्त गरेका सन्देशहरूलाई स्वीकार गर्नु आजको आवश्यकता हो ।' उनले बदलिँदो पुस्ताको आकांक्षाबारे कम्युनिस्ट आन्दोलनले समयानुकूल निरन्तर परिस्कृत गर्नुपर्ने महसुस भएको बताइन् । 'आत्मसमीक्षा र जनतासँगको जीवन्त सम्बन्धले भविष्यप्रतिको जिम्मेवारी अझ सुदृढ बनाउन सक्छ,' उनले भनिन्-'बदलिँदो जनआकांक्षा राष्ट्रिय आवश्यकता नीति नेतृत्वमा हुनुपुर्छ ।विगतको उपलब्धिको स्मृरणमात्रै पर्याप्त हुँदैन ।'

उनले नेपालका लागि प्रत्यक्ष कार्यकारीको परिकल्पना उपयुक्त नभएको पनि बताइन् । 'प्रत्यक्ष निर्वाचित कार्यकारी हाम्रो देशको लागि उपयुक्त हुँदैन भन्ने मेरो निष्कर्ष छ ।'- उनले भनिन् । भण्डारीले नेपालको विद्यमान सामाजिक संरचना र विविधतालाई दृष्टिगत गर्दै प्रत्यक्ष निर्वाचित कार्यकारी शासन प्रणाली मुलुकका लागि उपयुक्त नभएको बताएकी छिन् । संविधान संशोधनको सन्दर्भमा बेलाबेलामा उठ्ने गरेको प्रत्यक्ष कार्यकारी शासन प्रणालीको प्रशतावप्रति लक्षित गर्दै उनले नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतायुक्त मुलुकमा यस्तो प्रणाली सान्दर्भिक नहुने जनाइन् ।

'संविधान संशोधनको सन्दर्भमा बेलाबेलामा उठ्ने प्रत्यक्ष कार्यकारी शासन प्रणालीको प्रशताव हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र विविधतायुक्त मुलुकका लागि उपयुक्त हुन सक्दैन भन्ने मेरो विचार छ ।'- उनले भनिन् । पूर्वराष्ट्रपति भण्डारीले लोकतन्त्रमा आवधिक निर्वाचनमार्फत् जनमत प्राप्त गर्नु मात्र पर्याप्त नभएको उल्लेख गर्दै निर्वाचित भएपछि पनि संवैधानिक मर्यादा, विधिको शासन र जनउत्तरदायित्वलाई निरन्तर पालना गर्नु नै सच्चा लोकतान्त्रिक आचरण हुने जनाइन् । 'हामी आवधिक निर्वाचन मार्फत जनमत प्राप्त गर्ने लोकतान्त्रिक प्रणालीमा विश्वास गर्छौं, तर जनादेश प्राप्त गरिसकेपछि पनि लोकतान्त्रिक मूल्य, संवैधानिक मर्यादा, विधिको शासन र जनउत्तरदायित्वलाई निरन्तर पालना गर्नु नै सच्चा लोकतान्त्रिक आचरण हो ।'- उनले भनिन् ।

कार्यक्रममा नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले देशविरुद्ध प्रतिक्रियावादी शक्तिहरू सल्बलाएको उल्लेख गर्दै त्यसलाई परास्त गर्ने दाबी गरेका छन् । उनले अहिले आफूहरूलाई कमजोर नठान्न उनले आग्रह गरे । 'हामी मरेका छैनौं, फेरि उठ्छौं र प्रतिक्रियावादीहरूलाई परास्त गर्छौं,' मदन भण्डारी फाउण्डेसनद्वारा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले भने- 'धुलो टक्टक्याउँदै उठ्छौं । अग्रगामी परिवर्तनतर्फ अघि बढ्छौं ।'

उनले अहिलेको सरकार र यसले गरिरहेका गतिविधिहरूप्रति पनि आपत्ति जनाए । असंवैधानिक ढंगबाट संसद् विघटन गरी चुनाव गएको प्रसंग उठाउँदै उनले त्यो बेलामा सबै मिल्न नसकेको जनाए । 'हामीले यो चुनाव रोकौं भन्दा सबैले एमालेका लागि भिर हो, हामीलाई हाइवे हो भन्ने ठाने साथीहरूले,' ओली भने- 'यो चुनाव बामपन्थी र लोकतान्त्रिकहरूका लागि थिएन । पहिले नै परिणाम तय थियो । अहिले पनि प्रतिगमनको सिलसिला जारी रहेको छ ।' लोकतन्त्रलाई सिध्याउने गरी २३ र२४ भदौमा प्रतिगामी षडयन्त्र भएको बताएका छन् । ओलीले सबै लोकतान्त्रिक र वामपन्थी शक्ति मिलेर अहिलेको 'प्रतिगमन' लाई पराजित गर्नुपर्ने विचार व्यक्त गरेका छन् । उनले अहिले समाजवाद निर्माण गर्ने भन्दा पनि प्रतिगमन पराजित गर्ने बेला भएको टिप्पणी गरे । 'फेरि आज हामी यतिबेला समाजवाद निर्माण गर्ने ? कसरी गर्ने ?,' उनले अघि भने- 'यो प्रतिगमनलाई पराजित गर्ने मुख्य काम हो । प्रतिगमनलाई पराजित गर्नुपर्छ यतिबेला सबै लोकतान्त्रिक शक्ति, वामपन्थी शक्ति मिलेर कार्यगत एकताको माध्यमबाट जानुपर्छ र पराजित गर्नैपर्छ प्रतिगमनलाई ।' उनले वामपन्थीको चरित्र हत्या गर्ने काम भइरहेको बताए । उनले कम्युनिस्टहरूका नीति सहि भएको दाबी पनि गरे ।

'नेकपा एमाले हाम्रा नीति सहि छन् कि गलत छन् भनेर कुनै एकता एकीकरणका लागि छलफल गर्ने पक्षमा छैन । हाम्रा नीति एकदमै सहि छन् ।'- ओलीको दाबी छ । जबजलाई समसामयिक ढंगले समयानुकूल बनाउँदै आफ्नो पार्टी अघि बढेको ओलीको भनाइ छ । अहिले नेपालको वामपन्थी आन्दोलनलाई मात्रै होइन लोकतन्त्रलाई नै टार्गेट गरेर त्यसलाई नै सिध्याउने गरी २३ र २४ भदौको प्रतिगामी षड्यन्त्र भएको उनको भनाइ छ । वैधानिक सरकारलाई अवैध ढंगले विस्थापन गरिएको भन्दै ओलीले २३ र २४ भदौको आन्दोलन लोकतान्त्रिक हुनै नसक्ने बताए ।

सरकार बनाउने, अपदस्थ गर्ने, फेर्ने सबै कार्य संसद्ले गर्ने भन्दै अध्यक्ष ओलीले वैधानिक संसद बलजफती भंग गरिएको बताए । उनले भने- 'अहिले नेपालको वामपन्थी आन्दोलनलाई मात्रै होइन लोकतन्त्रलाई टार्गेट गरेर त्यसलाई नै सिध्याउने गरी २३ र २४ भदौको प्रतिगामी षड्यन्त्र भयो । त्यो षड्यन्त्रले वैधानिक सरकारलाई अवैध ढंगले विस्थापन गर्‍यो । यो लोकतन्त्र हुनै सक्दैन । लोकतान्त्रिक आन्दोलन हुनै सक्दैन । लोकतान्त्रिक सरकारलाई त्यसरी विस्थापित गर्न पाइँदैन । सरकार बनाउने, अपदस्थ गर्ने, फेर्ने सबै संसद्ले गर्ने हो । तर बलजफ्ती भंग गरियो । वैधानिक सरकार ढालेर अवैधानिक सरकार गठन गर्न पाइँदैन ।'

ओलीले लोकतान्त्रिक शक्तिहरूलाई मिल्न नदिने षडयन्त्र भइरहेको बताएका छन् । लोकतान्त्रिक शक्तिहरूलाई मिल्न नदिने प्रयास अन्तर्गत नेपाली कांग्रेस फुटाइएको उनले बताए । 'कसरी फुट्यो, किन फुटायो, फुटेर के भयो ? नेपाली कांग्रेस त फुट्यो,' ओलीले भने- 'अरूलाई पनि फुटाउने कोशिस हुन सक्छ । पहिलेपहिले पनि फुटाउने कोशिस भएको छ, पर्टीहरू फुटेका छन् ।' तर एमालेलाई फुट्न नदिने ओलीले दाबी गरे । 'कसैले हात हाल्न खोज्दैमा, त्यस्ता बाहिरबाट हात हाल्न खोजियो भने त्यस्ता कुराहरूलाई हामी चिन्छौ,' उनले भने- 'त्यस्ता कुराहरूलाई हामी पराजित गर्छौं । नेकपा एमाले एकताबद्ध छ, एकताबद्ध हुनेछ ।'

कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले वामपन्थी एकताका लागि सहकार्य गर्न ढिला गर्नु ठूलो गल्ती हुने बताएका छन् । नेपालको कम्युनिस्ट आन्दोलन र जननेता मदन भण्डारी विषयक विचार गोष्ठीमा सम्बोधन गर्ने क्रममा उनले मिलेर मात्रै सफलता प्राप्त गर्न सकिने जिकिर गरे ।

उनले आजको भोलि नै पार्टी एकता गर्न लागेको नभए पनि कार्यगत एकताका लागि भने ढिला गर्न नहुने बताए । 'हामीले ढिलो नगरी भन्न चाहन्छु, राष्ट्रिय स्वाधिनताका पक्षमा, निरंकुशताकाविरुद्ध, वैदिशक दबाब र हस्तक्षेपका विरुद्ध छिटोभन्दा छिटो वामपन्थी र देशभक्त एक हुनुपर्छ । यसलाई ढिला गर्न गल्ती हुन्छ ।'- संयोजक प्रचण्डले भने । साथै, उनले विचार मिल्नेहरू एकता गर्न ढिला गर्दा ठूलो दुर्भाग्य हुनसक्ने बताए ।

'केही साथीहरूले पार्टी एकता गरिहाल्ने भन्यो, बुझ्ने सकिएन भन्छन्, मलाई अनौठो लाग्छ । मैले आजै भोलि नै पार्टी एकता गरौं भनेको पनि छैन । मैले सहकार्य आजै सकिन्छ भने आजै गरौं, भरे सकिन्छ भने भरे नै र भोलि सकिन्छ भने भोलि नै गरौं भनेको हुँ ।'- प्रचण्डले भने । उनले वर्तमान सरकार संविधानका आधारभूत विषयमा प्रहार गर्नेतिर उद्धत रहेको आरोप लगाए । 'सरकार संविधानका आधारभूत कुरामा प्रहार गर्ने, उत्पिडीत समुदायमाथि प्रहार गर्न उद्धत भएको देखिँदै गएको छ । यो सबैको तार्गेट मूल कुरा कम्युनिस्ट आन्दोलनलाई कसरी सकाउने ? भन्नेतिर छ ।'- प्रचण्डले भने । प्रचण्डले आफूलाई बेला बेलामा विभिन्न कोणबाट विश्लेषण गर्दै विभिन्न चित्रहरू बन्ने गरेको भन्दै दुखेसो गरेका छन् । उनले आफूले क्रमभंगको कुरा गर्दा उत्पात नै गर्न थाल्यो भन्ने गरेको टिप्पणी गरे । नेपालको कम्युनिस्ट आन्दोलन र जननेता मदन भण्डारी विषयक विचार गोष्ठीमा सम्बोधन गर्ने क्रममा उनले एउटै क्रममा बस्ने नेता कहिँ पनि नपुग्ने जिकिर गरे । आफू एकताका लागि नहतारिएको पनि उनको भनाइ थियो ।

'म विल्कुल हतारिएको छैन । हुन त मलाई मानिसहरूले विभिन्न कोणबाट हेर्दै विभिन्न चित्र बन्ने गरेको छ । मैले क्रमभंग भन्यो भने के उत्पात गर्न थाल्यो भन्छन् । यो त प्रकृति, समाज र मानव समाजको नियम हो, निरन्तरतामा क्रमभंग । मैले त्यही भन्ने गर्छु । गरिराख्नुपर्ने हुन्छ, क्रमभंग ।'- प्रचण्डले भने । आफ्ना केही साथीहरू सधैं एकै ठाउँमा बस्ने गरेको र भिक्षु बनेर घण्टी बजाइरहेको टिप्पणी पनि उनले गरे । 'क्रममै बस्नुभयो भने, जानुभयो । हाम्रा धेरै साथीहरू बसिरहेका छन् । बौद्ध भिक्षु रहेछौं घण्टी बजाइराख्छु भन्या छ, अहिले पनि नयाँ जनवाद नै भनेको छ, त्यो कुराले कहिँ लाँदैन,' प्रचण्डले भने-'अहिले परिस्थिति फेरिएको छ, हामी पनि फेरिनुपर्छ । यसलाई तपाईं गतिशील ठान्नुहुन्छ, परिवर्तनको बुझ्ने नेता ठान्नुहुन्छ, धन्यवाद । अर्को ठान्नुहुन्छ, त्यो पनि धन्यवाद ।' परिस्थिति अनुसार विचारलाई परिवर्तन गर्ने क्षमता कम्युनिस्टमा हुनुपर्ने प्रचण्डको भनाइ छ ।

कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सह-संयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले कम्युनिस्टहरूले गरेका गल्तीको गम्भीर आत्मसमीक्षा गर्नुपर्ने बेला आएको बताएका छन् । नेपालको कम्युनिस्ट आन्दोलन र जननेता मदन भण्डारी विषयक विचार गोष्ठीमा सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् ।

मदन भण्डारीले भनेजस्तै कुरा गरेर मात्रै चिउरा नभिज्ने उदाहरण उनले दिए । 'हामीले जनताको बदलिंदो मनोविज्ञानलाई बुझ्न सकेनौं, या हामीमा के-के विकृति आए रु यसको आत्मसमीक्षा गरौं,' सहसंयोजक नेपालले भने-'यो एउटा पार्टीको मात्रै कुरा होइन । नेपालका जति पनि कम्युनिस्ट घटक छन्, त्यसको आत्ममन्थन गर्न सक्नुपर्छ ।

» बाँकी ३ पेजमा

## सुस्तावासीको गुनासो : प्रधानमन्त्रीको अभिव्यक्तिले आतंकित छौं

सुस्ताका करिब १२० परिवारका सदस्यको नागरिकता नबनेको र नागरिकता नभएकै कारण भारतीय पक्षलाई नेपाली भूमि अतिक्रमण गर्न र भारतीय पक्षको अतिक्रमणविरुद्ध बोल्न र प्रतिवाद गर्न कठिन भएको गुनासो छ ।



बुटवल । दशकौंदेखि सीमा विवाद, नागरिकताविहीनता र राज्यको बेवास्ता सहँदै आएका नवलपरासीको सुस्तावासीले प्रधानमन्त्री बालेन्द्र साहको अभिव्यक्तिपछि भारतीय सुरक्षाकर्मीबाट आफूहरु आतंकित हुनुपरेको गुनासो गरेका छन् ।

प्रधानमन्त्रीको संसदमा आएको सीमासम्बन्धी अभिव्यक्तिपछि उत्पन्न परिस्थितिले थप असुरक्षा बढाएको भन्दै सुस्ता बचाउ अभियान र सुस्ता बचाउ युवा अभियानले सरकारलाई तत्काल कूटनीतिक पहल गर्न माग गरेका छन् ।

बुटवलमा आइतबार पत्रकार सम्मेलन गरी उनीहरूले आफ्ना मागहरु सरकारलाई जानकारी गराउने प्रयास गरे पनि सरकार पक्षबाट बेवास्ता भएपछि माइतीघर मण्डलामा धर्ना बस्न एक दुई दिनमै काठमाडौ जान लागेको सुस्ताका अगुवा मुन्ना खाँले बताए । भारतले सुस्तामा निकै धेरै नेपाली भूमि अतिक्रमण गरेपनि नेपाल सरकारले फिर्ता ल्याउन बेवास्ता गरेको खाँले जनाए ।

सुस्ताका करिब १२० परिवारका नागरिकको नागरिकता नभएको र नागरिकता नभएकै कारण भारतीय पक्षले नेपाली भूमि अतिक्रमण गर्न सजिलो भएको उनले बताए । आफूहरुसँग नेपाली नागरिकता नहुँदा भारतीय पक्षको अतिक्रमणविरुद्ध बोल्न र प्रतिवाद गर्न कठिन भएको खाँले गुनासो गरे ।

अर्का सुस्तावासी अब्दुल अन्सारीले नागरिकता नपाउँदा आफूले जोतभोग गरेको जग्गाको लालपूर्जा पनि बनाउन नसकेको हुंदा दोहोरो चेपुवामा परेको गुनासो गरे ।

'नागरिकता नहुँदा हामी नेपाली हुन सकेनौं अनि भारतीयले तिमीहरू नेपाली होइन पाकिस्तानी हुन सक्छौ सम्मका आरोप लगाउँछन्, त्यस्तो भन्दा पनि चुप लागेर सहेर बस्नु परेको छ,' अन्सारीले भने - '४० वर्षदेखि बसोबास गरेका नागरिकलाई सरकारले नागरिकता नदिँदा जग्गाको लालपुर्जा पनि बनेन यसैले गर्दा भारतीय पक्षलाई नेपाली भूमि मिच्न र विरोधलाई दबाउन सजिलो भएको छ ।' गत जेठ २९ गते भारतीय सीमा सुरक्षा बल (एसएसबी) नेपालतर्फको सुस्ता क्षेत्रमा प्रवेश गरी स्थानीयवासीलाई त्रसित बनाएको घटनाको निन्दा गर्दै नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि भइरहेको हस्तक्षेप तत्काल रोक्न सुस्ता बचाउ अभियानका कार्यबाहक अध्यक्ष आदम खाँले बताए ।

'नयाँ सरकार गठनसँगै सात दशकदेखि समाधान हुन नसकेको सुस्ताको सीमा समस्या अन्त्य हुने आशा गरिए पनि पछिल्ला घटनाक्रमले सुस्तावासीलाई पुनः पुरानै चिन्ता, अन्योल र असुरक्षामा धकेलेको छ ।'- खाँले भने । नागरिकता नहुँदा शिक्षा, स्वास्थ्य, सरकारी सेवा तथा रोजगारी जस्ता आधारभूत अधिकारबाट वञ्चित हुनु परेको सुस्ता गाउँपालिका -५ का बाबु खाँले बताए । सुस्तावासीलाई तत्काल नेपाली नागरिकता उपलब्ध गराउन र वर्षौं देखि भोगचलन गर्दै आएको जग्गाको नापजाँच गरी लालपुर्जा दिन उनले माग गरे ।

'प्रधानमन्त्रीसहित सरकारका जिम्मेवार पदाधिकारीलाई सीमा जस्तो संवेदनशील विषयमा आधिकारिक अभिलेख र तथ्य अध्ययन नगरी सार्वजनिक अभिव्यक्ति नदिन हाम्रो माग छ,' उनले भने -'संसदमा प्रधानमन्त्रीको अभिव्यक्तिपछि नारायणी नदी कटान नियन्त्रणका लागि भइरहेको ग्याबिन जाली निर्माणको करिब १३२ मिटर क्षेत्रमा भारतीय पक्षले अवरोध गरेको छ ।'

त्यस्तै भारतीय वन विभागले आफ्नो क्षेत्राधिकार भन्दै नारायणी नदीतर्फ तारबार निर्माण गरिरहेको उल्लेख गर्दै उनले त्यसबारे नेपाल सरकारले कुनै प्रभावकारी प्रतिक्रिया नजनाएको बताए । यसले सीमा सुरक्षाप्रति राज्यको उदासीनता झन् प्रष्ट भएको अभियानको भनाइ छ ।

सरकारी अभिलेखअनुसार करिब ४० हजार ९ सय ८० हेक्टर नेपाली भूमि रहेको सुस्तामा अहिले करिब ७ हजार हेक्टर मात्रै नेपालीको भोगचलनमा रहेको सुस्ता बचाउ युवा अभियानका योगेन्द्र गौतमले बताए । 'नेपालको ठूलो भूभाग भारतीय सुरक्षा बल एसएसबीको नियन्त्रण, अतिक्रमण तथा विवादमा छ'- उनले भने ।

» बाँकी ३ पेजमा

वडावासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- वडामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

वडाअध्यक्ष
नवराज भुसाल
शीतगंगा नगरपालिका
वडा नं.११ को कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

२०८३ असार १५, गते सोमबार
Monday Jun 29, 2026
दैनिक लुम्बिनी

## सम्पादकीय

# बालबालिकालाई पार्टी सदस्यता दिनु गलत

राष्ट्रिय स्वतन्त्र पार्टीले ३५ हजार २ सय ५७ जना बालबालिकालाई पार्टी सदस्य बनाएको तथ्याङ्क महाधिवेशनमा सार्वजनिक गरेको छ। नेपालको कानुनअनुसार कानुनतः कुनै पनि राजनीतिक दलको सदस्य बन्न १८ वर्ष उमेर पूरा भएको हुनुपर्छ। यस्तो व्यवस्था राजनीतिक दलसम्बन्धी ऐन २०७३ को परिच्छेद ३ मा उल्लेख छ। विद्यमान कानुनको उल्लंघन गरी सत्तारूढ दलले ३५ हजार बालबालिकालाई सदस्य बनाएको विषय संवेदनशील हो। यो राजनैतिक दलको गैरजिम्मेवार स्वतन्त्र पार्टी पनि कुनै पनि शर्तमा पार्टीको बर्चश्व कायम गर्न चाहन्छ भन्ने छर्लङ्ग भएको छ।

राजनैतिक दलले असल राजनैतिक संस्कार निर्माण गर्ने हो। राजनैतिक दलले लिने नीतिले समाजलाई निर्देशित गरिरहेको हुन्छ। रास्वपाले आफूलाई उदार लोकतान्त्रिक पार्टीको रुपमा प्रस्तुत गर्दै आएको छ। सांगठनिक विस्तारका क्रममा बालबालिकालाई सदस्य बनाएर उसले उदार राजनैतिक दल नभई फरक रुपमा उभ्याएको छ। बालबालिकालाई कानुनविपरीत सदस्य बनाउने काम उदार राजनैतिक दलले गर्दैन। राजनीतिक दलसम्बन्धी ऐनमा दलको सदस्यता तथा संगठनात्मक संरचनासम्बन्धी व्यवस्था छ। दफा १४ मा सदस्यताको योग्यताको विषय छ। जसअनुसार नेपाली नागरिकले मात्रै नेपालको राजनीतिक दलको सदस्यता लिन पाउँछन्। यी बाहेक थप चार योग्यता दफा १४ को उपदफा १ मा छ। अठार वर्ष उमेर पूरा भएको, भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा कैदको सजाय नपाएको, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको र कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानुन बमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य नरहेको व्यक्ति पार्टी सदस्य हुन योग्य मानिन्छ।

रास्वपाले पत्रकार, कर्मचारीलाई पार्टी सदस्य नबनाउने घोषणा पहिले नै गरिसकेको छ। कर्मचारीलाई पार्टी सदस्य नबनाउने र विश्वविद्यालयमा राजनीतिकरण रोक्ने नीतिलाई सकारात्मक रुपमा लिइएको भए पनि विस्तारै विश्वविद्यालयमा राजनैतिक हस्तक्षेप बढेको छ। विश्वविद्यालयमा पदाधिकारी नियुक्त गर्दा रास्वपालाई सहयोग गरेकोलाई प्राथमिकता दिने नीतिबारे पार्टी महामन्त्री कविन्द्र बुर्लाकोटीले सार्वजनिक गरिसकेका छन्। चितवनमा जारी प्रथम महाधिवेशनमा पार्टीका महामन्त्री बुर्लाकोटीले पेश गरेको प्रतिवेदनअनुसार रास्वपाको कूल सदस्य संख्या ५ लाख २३ हजार ४६५ छ। यसमध्ये ६.७ प्रतिशत सदस्य १८ वर्ष मुनिका बालबालिका छन्। राजनीतिक दलसम्बन्धी ऐनमा मात्र होइन। बालबालिकासम्बन्धी ऐन २०७५ ले पनि बालबालिकालाई राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न बन्देज लगाएको छ। बालबालिकासम्बन्धी ऐन २०७५ अनुसार १८ वर्ष उमेर पूरा नगरेका प्रत्येक व्यक्तिलाई बालबालिका भनिन्छ। यस्तो परिभाषा उक्त ऐनको दफा २ को (ञ) मा छ। बालबालिकासम्बन्धी ऐनको दफा ७ को उपदफा ७ मा कुनै पनि बालबालिकालाई राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न नपाइने प्रावधान छ। जहाँ भनिएको छ- 'कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन।' बालबालिकालाई राजनीतिक प्रयोजनका लागि संगठित गर्न नपाइने कानुनी प्रावधान त छँदैछ। यसबाहेक संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि, यससम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त र मान्यताले पनि १८ वर्षमुनिका बालबालिकालाई राजनीति र राजनीतिक दलको दुरुपयोगबाट जोगाउनुपर्ने उल्लेख छ।

राजनैतिक दलले दलको विचार, सिद्धान्त, दर्शन र कार्यक्रमबारे जानकारी दिनसक्छन्। उनीहरुले बालबालिकालाई राजनैतिक सचेतना जगाउन सक्छन्, तर सदस्यता दिलाउन राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन, सन्धि र अभिसन्धिले रोक लगाएको छ। राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन, सन्धि र अभिसन्धिले रोक लगाएको विषयमा रास्वपा किन गैरजिम्मेवार ढंगले अघि बढ्यो,त्यो गम्भीर प्रश्न हो। सदस्यता नदिने मात्रै नभएर कानुनतः बालबालिकाहरूलाई राजनीतिक दलको कार्यक्रमहरूमा, जुलुसमा, र्‍यालीमा सहभागी गराउने, पार्टीको झण्डा बोक्न लगाउने कार्य समेत गर्न पाईंदैन। विगतमा दलहरूले बालबालिकालाई दलको गतिविधिमा प्रयोग गरेको भनेर अन्य दलका सन्दर्भमा समेत प्रश्न उठ्ने गरेका थिए। अरु दलले सदस्य नै दिएका थिएनन् , यसपटक रास्वपाले सदस्यता नै दिएको हो। माओवादीले जनयुद्धमा बालबालिकालाई प्रयोग गरेको विषय पेचिलो बनेको थियो।

जिम्मेवार राजनैतिक दलले कानुनको पालना गर्न चुक्नुहुन्न। समाजप्रतिको जवाफदेहिता पनि उत्तिकै महत्वपूर्ण हुन्छ। रास्वपाले जिम्मेवार राजनैतिक दलको रुपमा उभ्याउन कमजोरी स्वीकार गरी बालबालिकालाई पार्टी सदस्य दिने निर्णय खारेज गर्नुपर्छ।

# बेठी रोपाइँ





तुल्सीराम पाण्डे

खोकमा चढेर चिच्याउने, लौराले घोच्ने, पुच्छर निमोठ्ने गरेपछि लहरै नारेका गोरुहरु एउटै तालमा दौडन्थे। टाठा गोरुले दौडिँदै गएर अहट र ढिक नाघेमा विजयी हुन्थे। मुखियाको गोरुलाई अरु गोरुले जितेमा जित्ने गोरु किन्ने वा आफ्नो गोरु बेच्ने गर्दथे। असारमा अनिकाल लाग्ने हुनाले भोज खानको लागि गरिबहरु र केटाकेटीहरु पनि जान्थे। कसैलाई पनि ज्याला दिन नपर्दासम्म सक्ने जतिले बेठी लाउँथे।

नेपाल सरकारले असार १५ लाई धान दिवस घोषणा गरेपछि उच्च पदस्थ व्यक्ति र स्थानीय निकायका मानिसहरुले त्यस दिन धेरै जना जम्मा भएर रमाइलो गर्दै खेतमा काम गर्दछन्। सबैले हिलोको टीका लाउँछन्। केही मानिसहरुले हिलोमा लडिबडी खेल्ने र एक अर्कालाई हिलाले छेप्ने गर्दछन्। त्यसो गर्नु माटो प्रति र अन्नप्रति गरिएको सम्मान हो। त्यस बाहेक केही ठाउँमा पुरानो समयमा गरिने "बेठी रोपाइँ" लाई पनि परम्परा र संस्कारको रुपमा फेरि सुरु गरेका छन्। आधुनिक पुस्ताले त्यसलाई रमाइलो पनि मानेका छन्। बेठी रोपाइँ किन लोप भयो र पुरानो पुस्ताले कस्तो मान्थे त्यो बुझ्नको लागि त्यसबेलाको कानुन र समाजको अवस्था बुझ्न आवश्यक हुन्छ।

पहिलेको समयमा गाउँमा बस्ने रैतीहरुले रजौटा, अमलदार, तालुकदार, जिमुवाल, मुखिया, साहु र अरु ठुला मानिसहरुलाई बेसरी मान्नु पर्दथ्यो। ठुला मानिसको निगाहामा सानाको जिन्दगी चल्थ्यो। खेतको तिरो जिम्मालले उठाउँथे। पाखो बारी र खरबारीको तिरो मुखियाले उठाउँथे। मुखिया जिम्मालकहाँ वर्षको २ पटक खेतारो जानु पर्दथ्यो। साहुको ऋण खानेले पनि ब्याज र ठेकी बुझाउनु पर्दथ्यो। कसैले घिउको ठेकी हिसाबमा र दूध / दहिको ठेकी गुनयमा बुझाउनुपर्दथ्यो। कसैले ठेकी बुझाउन नसकेमा बेठी तिरेर ब्याज कटाउँथे। वि.स. २०२० सालसम्म २०/३० वा ५० रुपैयाँसम्मको ऋण ठुलै मानिन्थ्यो। कसैले १०० रुपैयाँ ऋण लिएमा वार्षिक १० रु ब्याज र १० रु ठेकी भन्दथे। बेठी तिरेमा त्यस समयको भाउअनुसार हिसाब हुन्थ्यो। खेतालाको ज्याला ४ माना अन्न थियो। १८ सालमा १ रु पाथी मकै थियो। त्यसअनुसार ५० रु ऋण लिनेहरु ५ रु नगद ब्याज वा १० वटा खेतारा ठेकीको हिसाब हुन्थ्यो। गुनय र सघाउ पनि कतै १ दिन र कतै २ दिन सघाउ गर्न पर्दथ्यो। गोरु पाल्नेहरुले गोरु र हली दिएर बेठी कटाउँथे। कुनै ठाउँमा आफ्नो रोपाइँ गर्न नारेका गोरु पनि फुकाएर दिन पर्दथ्यो। पहिले ठुलाको चित्त बुझाएपछि मात्र आफ्नो काम गर्दथे। चित्त नबुझाएमा धेरै प्रकारले दुःख दिन्थे। गरिबहरु जति मिहिनेत गरे पनि उक्सन सक्दैनथे।

अन्न बेच्नेहरुले भकारीमा भुस मिसाउने र ५ पाथी दिएमा १० पाथी लेख्ने गर्दथे पापको डर नमान्ने साहुहरु मैले ब्याज लिन्न वर्षको एउटा सिफ्रि थप्छु भन्दथे। सोझा मानिसहरुले हुन्छ भनेर ऋण लिन्थे। १ रु ऋण लिएमा दोश्रो वर्ष १० रु हुने तेश्रो वर्ष १०० रु हुने र चौथो वर्षमा हजार रुपैयाँ हुन्थ्यो । त्यसपछि जालझेल गरेर धित्तो लिलाम गर्दथे। ऋण खोजेर लाहुर गएमा कमाएर फर्केपछि घडी कोट कम्मल, जुत्ता, कमेज र मसला जस्ता केही कोसेली दिनु पर्दथ्यो। साहुले पनि कमाइअनुसार कोसेली माग्दथे। मैले ऋण हालिदिएर तैंले कमाउन पाइस् भन्दथे। साउँ ब्याज सबै पाइ पाइ गरेर लिन्थे।

मुखिया, जिम्माल, तालुकदार र साहु कहाँ रोपाइँ सकिने दिनमा बेठी लगाउँथे। त्यस दिन नियमअनुसार खेतारा जाने बाहेक सघाउ गर्न र रमाइलो हेर्न अरु मानिस पनि जान्थे। त्यस दिन बाजा बजाउने, बन्दुक पड्काउने, गीत गाउने र नाच्ने गर्दथे। नास्ता खानको लागि चामलको पिठो भुट्थे। कसैले दहि चिउरा पनि बाँड्थे। कुनै ठाउँमा बोको वा राँगो काटेर भोज लाउँथे। असारमा हिलो टेकेमा गति परिन्छ र खेती सप्रन्छ भन्दथे। केही साहुहरु घोडालाई पनि नुहाइदिएर, तेल लगाइदिएर घोडामाथि चढेर खेतमा दौडाउँथे।

अरु मानिसहरुले खोकमा चढेर अनौ समातेर गोरु दौडाउँथे। खोकमा चढेर चिच्याउने, लौराले घोच्ने, पुच्छर निमोठ्ने गरेपछि लहरै नारेका गोरुहरु एउटै तालमा दौडन्थे। टाठा गोरुले दौडिंदै गएर अहट र ढिक नाघेमा विजयी हुन्थे। मुखियाको गोरुलाई अरु गोरुले जितेमा जित्ने गोरु किन्ने वा आफ्नो गोरु बेच्ने गर्दथे। असारमा अनिकाल लाग्ने हुनाले भोज खानको लागि गरिबहरु र केटाकेटीहरु पनि जान्थे। कसैलाई पनि ज्याला दिन नपर्दासम्म सक्ने जतिले बेठी लाउँथे। आली लाउनेलाई कुनै ठाउँमा ठिंगारे र कुनै ठाउँमा बाउसे भन्दछन्।

धानको रोपाइँ सकिने दिनलाई बेठी भने जस्तै कोदोको रोपाइँ सकिने दिनलाई मैजारो भन्दछन्। भात खाए इज्जत हुने ढिंडो खाएमा इज्जत जाने हुनाले कोदोको कुरा कसैले गर्दैन। कुनै ठाउँमा मैजारो गर्दा पनि रमाइलो गर्दथे। ठाउँ र परम्परा अनुसारका एकहोरी, दोहोरी, ठट्यौली, कथा, इतिहास र पीडा बोकेका गीतहरु गाउँथे। हलीगरो, खलेगरो, महनेगरो, चेलीगरो नाम राखेर भाग छुट्याउँथे। केही ठाउँका छुचा मुखिया, जिम्मालहरुले बेठी बुझाउन गएका खेतारालाई नास्ता पनि नदिएर सेर्मा बुझाउँदा ल्याउने मानो वा ठेकीमा कटाइदिन्छु भनेर भोकभोकै पठाउँथे।

बेठी शब्द झर्रो नेपाली शब्द हो गाउँघरमा बिउको लागि पालेको बोको, राँगो, साँढेलाई बेठे भन्दछन्। कुनै ठाउँमा ब्याठे पनि भन्दछन् । ठट्यौला मानिसहरुले भर्खरको मानिसलाई जिस्क्याउँदा ब्याठेई गर्न /बिठ्याई गर्न नआतेउहै केटाहो भन्दछन्। जे जस्तो भए पनि मानिसहरुले समय अनुसार आफ्नो जीवन चलाएका छन्। २०७९ सालको मूल्याङ्कनअनुसार सामान किनेर भोज ख्वाउँदा र सरकारले तोकेको ज्याला दिएर बेठी लगाउँदा कति खर्च होला ? आफै मूल्याङ्कन गर्नुस्। आफ्नो खेत बारीमा ज्याला दिएर काम गराउँदा उल्टै घाटा लाग्दछ। त्यस बाहेक समयमा मल बिउ नपाउने र अरु धेरै समस्या छन्। नेताहरुको भाषण सुन्दा किसानहरु रनभुल्लमा पर्दछन्। सीमा पारिबाट मल ल्याए जफत हुन्छ। किसानहरु उक्सने नीति नै छैन। सक्कली किसानहरु ऋणले गडेका छन्। झोलामा फारम दर्ता गर्नेहरुले अनुदान खाएका छन्।

धान दिवसको दिनमा सरकारी बजेट खर्च गरेर मेलाको आयोजना गर्ने, ठुला ठुला आश्वासन दिने, गमलामा धान रोप्ने, बिउको माला लगाउने, गरेको देख्दा किसानमा कस्तो सन्देश जाला रु केही ठाउँमा महिला माथि दुर्व्यवहार समेत भएको छ। कुनै बेला अहिलेका बेथितिहरुको अन्त्य भएर किसानको हितमा नीति बनेमा मात्र कृषिबाट समृद्धि होला। आशा गरौं भर नपरौं।

**केही असारे गीतहरू**

१. असार महिना झरी र पऱ्यो पहरो रसायो
हरियो पाखा पालुवा नयाँ जमिन बसायो।
२. झरीले होला बर्खे ति मूल सबै छन् फुटेका
छङ् छङ् गर्दै झर्दै छन् तल नदीमा जुटेका।
३. लेकैरबाट बेशीमा झरे हल गोरु लिएर
रोपाहार बाउसे झर्दै छन् लस्कर पाखामा ति हेर।
४. मुग्लानबाट लाहुरे आए धन पैसा लिएर।
रोपाइँ खर्च रिन माग्न जाउँ कोसेली लिएर।
५. लेकमा कोदो बेसीमा धान रोपाइँ गरने
असारमा रोप्ने मंसिरमा काट्ने भकारी भरने।
६. बर्खामा हुने झरी र बादल हिँउदमा तुवाँलो
माछाको काल जाल र बल्छी थुनेको दुवालो।
७. टारी र पाखा घैया धान छर्ने फाँटमा जर्नेली
उस्तै हो भनी साटीए बिउ पछुतो पर्लानी।
८. जेठो बुढो र गौरिया रोपौं पोखरा फाँटमा
रातो मार्सी र चन्दननाथ जुम्लाको माटोमा।
९. बर्खामा रोप्ने धेरै छन् धान चैतमा टाइटन
लक्षीनकी रैछन् नउली बुहारी नबसे माइतमा।
१०. पहिल्यै रोप्नु ढाव र सिम कुलोको भरमा
मुल्फुटे पछि टार र फाँट ठुलठुला गरामा।
११. लाग्दैमा असार धानको बिउ राख्नु बियाड बनाइ
एक महिना दिन्को बिउ रोप्नु राम्रो हातमा समाइ।
१२. असार पन्ध्र हो धान दिवस हिलोमा जाने हो
सबैले मिली रोपाई गर्ने दही चिउरा खाने हो।
१३. नेपाल हाम्रो साझा हो घर हिमाल धुरी हो।
असारमा मानो रोपेर हाम्ले थन्क्याउने मुरी हो।
१४. हराउने भयो रैथाने धान विकासे बिउले
जोगाउने ज्ञान कहिले सोंच्छ, कसको जिउले।
१५. यती हो मैले जानेको भन्ने असारे समाचार
देखेको लेखें जानेको भनें सबैलाई नमस्कार॥

# असार १५ मा दही चिउरा : मानो खाएर मुरी उब्जाउने बेला

असार पन्ध्र। मध्य वर्षायाम। अर्थात् दही-चिउरा खाने दिन। असार पन्ध्रमा सबैले चिउराको व्यवस्था गर्छन्, दहीको जोहो गर्छन्। यसमा कतिले मौसमी फल आँपको स्वाद मिसाउँछन्, कतिपयले केरा। घर-घरमा दही चिउरा खाइन्छ।

सबैलाई थाहा छ, असार पन्ध्रमा दही-चिउरा खानुपर्छ। दही-चिउरा खानु परम्परा हो। असार पन्ध्रमै किन दही चिउरा खाने प्रचलन चलाइयो ? यसको महत्व के होला ?

**मानो खाएर मुरी उब्जाउने सिजन**

हाम्रो मुलुक कृषिमा आधारित छ। धेरैजसोको जीवन खेतीकिसानीमा बित्ने गर्छ। धेरैजसोले पशुपालन गर्छन्, अन्नवाली लगाउँछन्। अतः असार-साउन अर्थात वर्षायाम भनेको खेतीबाली लागाउने मध्य सिजन।

यतिबेला धानलगायत अन्नबाली लगाउने गरिन्छ। अन्नवाली लगाउनका लागि यो नै अनुकुल सिजन हो।

खेतीपातीमा खटिने किसानहरुलाई यतिबेला भ्याइनभ्याई हुन्छ।

किसानहरु दिनभर माटोमा खेल्छन्, हिलोमा खेल्छन्, मलखाद तयार गर्छन्, अन्नबाली लगाउँछन्। बिहानदेखि साँझसम्म उनीहरु काममा खटिन्छन्।

त्यसैले त असारलाई 'मानो खाएर मुरी उब्जाउने सिजन' भनिन्छ। अर्थात् यो आयआर्जनको स्रोत बढाउने मेलो पनि हो। थोरै खाएर धेरै काम गर्ने बेला हो। वास्तवमा भन्ने हो भने किसानहरुलाई फुर्सदले खाने समय पनि हुँदैन यतिबेला।

**छिटो-मिठो परिकार**

कामको चटारो हुने भएकाले यतिबेला किसानहरुका लागि छिटोमिठो खाजा हो, दही-चिउरा। दही-चिउरा तयारी परिकार हुन्। यसलाई पकाइरहनु



पर्दैन।

दही चिउरा बनाउन समय लाग्दैन। त्यसैले काममो हतारोबिच दही चिउरा उपयुक्त हुन्छ, नास्ताको लागि। दही चिउरा मिठो पनि हुन्छ। सर्वप्रिय परिकार हो यो।

**स्वस्थ्यवर्द्धक**

वर्षायाममा दही चिउरा सेवन गर्नुको सम्बन्ध स्वास्थ्यसँग पनि छ। वर्षायाममा खानेकुराको माध्यामबाट संक्रमण सर्ने भय हुन्छ। यतिबेला झिंगा, लामखुट्टे, साङ्ला आदिले खानेकुरा दुषित बनाउन सक्छ।

यसैगरी गर्मीले गर्दा चाडै सड्ने, गल्ने हुन्छ। त्यसैले पकाएको वा पकाएर राखेको खानेकुराले पेटमा संक्रमण हुने, अपच हुने सम्भावना रहन्छ।

दही-चिउरामा त्यस्तो संक्रमणको भय हुँदैन। यसलाई पकाउन नपर्ने भएकाले छिटो हुन्छ, बनाउन सजिलो र छरितो हुन्छ। स्वस्थ्यवर्द्धक पनि हुन्छ।

**सीतल र सुपाच्य खानेकुरा**

दही पाचन यन्त्रका लागि निकै उपयोगी पेय मानिन्छ। दहीमा भएका व्याक्टेरियाले पाचन पक्रियामा सघाउ पुऱ्याउँछ। त्यसैगरी गर्मीमा यो पेयले शरीरलाई सितलता प्रदान गर्छ।

त्यसो त दहीमा कार्बोहाइड्रेट, भिटामिन बि, सि हुन्छ, यसले शरीरलाई फुर्तिलो बनाइराख्न सहयोग गर्छ।

एक हिसाबले भन्ने हो भने दही स्वादिलो पेय मात्र नभएर औषधी पनि हो।

चिउरा स्वास्थ्यवर्द्धक खानेकुरा हो। यो सड्ने, गल्ने, बासी नहुने भएकाले कुनै पनि किसिमको संक्रमण हुँदैन। चिउरा र दहीको समिश्रण स्वादिलो हुन्छ साथसाथै सुपाच्य पनि।

**कर्मकाण्ड मात्रै ?**

दही चिउरा खेतीबालीमा मात्र खाने परिकार होइन। साथसाथै असार पन्ध्रमा मात्र खाने परिकार पनि होइन। दही चिउरा वर्षायामको खाजा हो।

वर्षायाममा अरु खानेकुरा सड्ने, गल्ने, बासी हुने भएकाले दही-चिउरा उपयोगी मानिन्छ। छिटो, छरितो, मिठो र सुपाच्य खानेकुरा भएकाले दही चिउरा यतिबेला हाम्रो शरीरका लागि उपयोगी हुन्छ।

त्यसैले असार पन्ध्रमा मात्र दही-चिउरा खानु, तामझाम गर्नुको अर्थ छैन। बरु, दही चिउरालाई वर्षायामको नियमित नास्ता बनाएमा त्यसले स्वास्थ्य लाभ मिल्नेछ। आफ्ना बालबच्चालाई जंकफूड होइन, दही चिउरामा बानी पारौं।

# रक्तसञ्चार केन्द्रलाई १५ लाखको उपकरण सहयोग



ढोरपाटन । बागलुङ सेवा समाज अमेरिकाले रक्तसञ्चार केन्द्रलाई रु १५ लाखको जेनेरेटर र रक्तदान गर्ने कुर्सी सहयोग गरेको छ । नेपाल रेडक्रस सोसाइटीले सञ्चालन धौलागिरि प्रादेशिक अस्पताल क्षेत्रमा सञ्चालन गरेको रक्तसञ्चार केन्द्रबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन जेटेरेटर र कुर्सी सहयोग गरेको हो ।

बागलुङमा विद्युत् आवतजावत गर्ने हुँदा रक्तसञ्चारमा रगत बिग्रिने र गुणस्तर खस्किने जोखिम हुँदै आएको थियो । जेनेरेटर सञ्चालन गरेपछि अब उक्त समस्या समाधान हुने नेपाल रेडक्रस सोसाइटी बागलुङका सभापति जगन्नाथ आचार्यले बताए । घण्टौंसम्म लाइन नआउँदा फ्रिजमा राखिएको रगत आवश्यक तापक्रमभन्दा बढी तातिने हुँदा बिरामीलाई दिन नमिल्ने हुने उनको भनाइ छ ।

लाइन जाँदा रातिमा मोबाइलको लाइट बालेर रक्तदान गर्ने र बिरामीलाई सेतो रगत उपलब्ध गराउनुपर्ने बाध्यता अब हट्ने साभापति आचार्य बताउँछन् । अहिलेसम्म सामान्य व्याट्रीबाट रक्तसञ्चारमा काम हुँदै आएकामा अब व्यवस्थित रूपमा सेतो रगत उत्पादन गर्न र रगतलाई व्यवस्थित रूपमा भण्डारण गर्न सकिने उनको भनाइ छ ।

सभापति आचार्यले भने-"रक्तसञ्चार केन्द्रमा विद्युत् आपूर्तिमा नहुँदा धेरै समस्या थियो, केही समय अगाडि सेतो रगत उत्पादन गर्न सुरु गरेका थियौँ, तर विद्युत्का कारण समस्या थियो, सहयोगका लागि अमेरिकामा रहनुभएका बागलुङवासीलाई आग्रह गरेका थियौँ, उहाँहरूले सहज रूपमा सहयोग गरिदिनुभयो, अब यहाँबाट प्रवाह हुने सेवा थप प्रभावकारी बन्नेछ ।"

बागलुङ सेवा समाज अमेरिकाका महासचिव देवलाल शर्माले विदेशमा रहे पनि आफ्नो देश र जन्मभूमिप्रतिको माया अथाह हुने भन्दै यहाँका समस्या समाधानका लागि आफूहरू लाग्दै आएको बताए ।

सेवा समाजले अहिले जेनेरेटरसहितका सामग्री सहयोग गरेर सुरुआत गरेको उनको भनाइ छ । आगामी दिनहरूमा स्वास्थ्य, शिक्षालगायत क्षेत्रमा काम गर्दै जाने प्रतिबद्धता उनले जनाए ।

धौलागिरि प्रादेशिक अस्पतालअघि रहेको रक्त सञ्चार केन्द्र रक्त सञ्चार केन्द्रमा सेतो रगत (प्लेटलेट्स/प्लाज्मा) नपाइँदा अस्पतालले जटिल प्रकारका समस्या देखिएर सेतो रगत चाहिने बिरामीलाई पोखरा पठाउनुपर्ने बाध्यता थियो । तर चार महिनादेखि यही उत्पादन गर्न थालिएको छ । रातो र सेतो रगत छुट्याउने उपकरण (कम्पानेन्ट सेन्ट्रिफ्युज) का लागि प्रयोगशालाको पूर्वाधार निर्माण गर्न बागलुङ समाज जापानले १३ लाख ५० हजार सहयोग गरेपछि सेतो रगत उत्पादन गर्न सुरु भएको थियो ।

# राप्ती नदीमा निर्माणाधीन पुलको ७५ प्रतिशत काम पूरा

नेपालगञ्ज । बाँकेको डुडुवा र राप्तीसोनारी गाउँपालिका जोड्ने राप्ती नदीमाथि निर्माणाधीन पक्की पुलको ७५ प्रतिशत काम सकिएको छ । पुलका हालसम्म भौतिक र वित्तीय दुवैतर्फ करिब ७५ प्रतिशत प्रगति भएको हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय नेपालगञ्जले जनाएको छ ।

कार्यालयका प्रमुख लीलाबहादुर भण्डारीले पुल निर्माण स्वीकृत ढाँचा (डिजाइन) अनुसार भइरहेको उल्लेख गर्दै हालसम्म भौतिक र वित्तीय दुवैतर्फ करिब ७५ प्रतिशत प्रगति भएको जानकारी दिए । उनले प्राविधिक अध्ययन र डिजाइनका आधारमा ७०० मिटरको पुल बनिरहेको जानकारी दिँदै स्थानीय जनताले थप ४४० मिटर पुल निर्माण गर्न माग गरेका बताए ।

राप्तीसोनारी गाउँपालिका-६ का वडाध्यक्ष लवराज खरेलले थप ४४० मिटर पुल निर्माण भए यहाँको विकासमा ठूलो टेवा पुग्ने विश्वास व्यक्त गर्दै कृषि उपजको बजारीकरणसहित आवागमन सहज हुने बताए । उनले विसं २०७४ को बाढीले यहाँका खला, टेपरी, ढलैयालगायत क्षेत्रमा क्षति पुऱ्याएपछि स्थानीयको जनजीवन कष्टकर भएको उल्लेख गर्दै नदीको दुवैतर्फ तटबन्ध भएपछि पूरा क्षेत्रमा पुल बन्नुपर्ने तर्क गरे । वडाध्यक्ष खरेलले भने-"यहाँको वास्तविक अवस्था र भूगोल हेरेर काम हुनुपर्छ ।"

डुडुवा गाउँपालिकाका-५ का वडाध्यक्ष झङ्कबहादुर थापाले थप संरचना निर्माण नभए अहिले बनिरहेको पुलको औचित्य नरहने उल्लेख गरे । पुल निर्माण विस्तार नभए बालापुर, कम्दी, सिधनियाघाट क्षेत्र डुबानमा पर्ने जोखिम रहेको जानकारी दिँदै उनले जनताको मागअनुसार एक हजार १४० मिटरको पुल निर्माण गर्न सरकारसँग माग गरे । लुम्बिनी प्रदेशसभाका पूर्वमन्त्री कृष्णा केसीले जनताको असन्तुष्टिलाई सम्बोधन गरेर पुल निर्माण सम्पन्न गर्न सरोकार भएका निकायलाई आग्रह गरिन् । हुलाकी सडक पछिल्लो समय नेपालगन्जबाट बुटवल हुँदै पूर्वतर्फ जानका लागि वैकल्पिक मार्गका रूपमा प्रयोग भइरहेकाले एक हजार १४० मिटर फराकिलो पुल निर्माण सम्पन्न भएपछि सहज हुने उनको भनाइ छ । साँघुरो पुल भएकाले हाल सवारीसाधनले पालो कुरेर पुल पार गर्नुपर्ने बाध्यता छ ।

हाल रहेको करिब ३५० मिटर लामो पुल नजिकै अर्को निर्माण भइरहेको छ । स्थानीयले पुलको लम्बाई ४४० मिटर थप गरी एक हजार १४० मिटर पुऱ्याउन माग गरेपछि आयोजना कार्यालयले निर्देशनालयमा लिखित अनुरोधसहितको पत्र पठाइएको जनाएको छ ।

यसैबिच, आयोजनाका निर्देशकसहितको उच्चस्तरीय टोलीले पुल निर्माणस्थलबाट स्थलगत जानकारी लिएर फर्किए पनि नतिजा नआएको स्थानीयले बताएका छन् । स्थानीयले पुल निर्माणका क्रममा अधुरो काम नगर्न दबाब दिँदै बाँकी क्षेत्रमा बाँध बनाउने कार्य अस्वीकार गरेका छन् ।

# ४९ हजार बढी पशुचौपायामा कृत्रिम गर्भाधान



राँझा । बाँकेको खजुरा गाउँपालिका-२ गौघाटस्थित राष्ट्रिय पशु प्रजनन् कार्यालयबाट चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म ११ महिनामा ४९ हजार ५८७ पशुचौपायालाई कृत्रिम गर्भाधान गराइएको छ ।

कार्यालय प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा. खिमानन्द खनालका अनुसार २८ हजार ५८८ गाई, २० हजार ५२६ भैंसी तथा ४७३ बाख्रा गरी ४९ हजार ५८७ पशुलाई कृत्रिम गर्भाधान गराइएको हो । पछिल्लो समयमा पशु चौपायालाई कृत्रिम गर्भाधान गराउने किसानको संख्या दिनप्रतिदिन बढ्दै गएका छन् । घरगोठमै सहज तरिकाले पशु प्राविधिले कृत्रिम गर्भाधान गराइदिने र पशुमा नश्ल सुधारसमेत हुने भएकाले किसान यसतर्फ आकर्षित भएका छन् ।

"पशु चौपायामा कृत्रिम गर्भाधानले नश्ल सुधारसँगै दूध उत्पादनमा पनि वृद्धि हुने गरेकाले किसान यसतर्फ आकर्षित हुनुभएको छ, घरगोठमै गएर पशु प्राविधिकले आवश्यक सरसल्लाह दिने भएकाले यो प्रविधि किसानका लागि सहज छ ।"- राष्ट्रिय पशु प्रजनन् कार्यालय प्रमुख डा. खनालले भने ।

पशु प्रजनन् कार्यालयमा कृत्रिम गर्भाधानका लागि वीर्य (सिमेन) उत्पादन गर्न १२ मुर्रा राँगा, आठ साँढे, छ बोका र दुई बाख्री राखिएको छ । राष्ट्रिय पशु प्रजनन् कार्यालयले कार्यालयमा रहेका विभिन्न जातका मुर्रा राँगा, साँढे तथा बोकाबाट वीर्य सङ्कलन, उत्पादन तथा वितरण गर्दै आएको छ । राष्ट्रिय पशु प्रजनन् कार्यालयले कार्यालयमा रहेका विभिन्न जातका मुर्रा राँगा, साँढे तथा बोकाबाट चालु आवको जेठसम्म ११ महिनामा एक लाख ८५ हजारभन्दा बढी डोज वीर्य उत्पादन गरेको छ ।

कार्यालयका सूचना अधिकारी पशु विकास अधिकृत डा. मिलनकुमार चौधरीले जर्सी साँढेबाट २८ हजार ३०९ डोज र होलिस्टिनबाट ४४ हजार ९५६ गरी तीन हजार २६५ डोज साँढेको वीर्य, नेपालगञ्ज मुर्राबाट ८१ हजार १६० डोज, भारतीय मुर्राबाट २० हजार ५३४ डोज र गड्डीबाट चार हजार ५३७ गरी एक लाख छ हजार २३२ डोज राँगाको र पाँच हजार ५८० डोज बोयर बोकाबाट गरी जम्मा एक लाख ८५ हजार ७६ डोज जमेको वीर्य (सिमेन) उत्पादन भएको जानकारी दिए ।

उनका अनुसार चालु आवको जेठसम्म साँढे, राँगा र बोकाबाट उत्पादन गरिएका ६३ हजार २९७ डोज वीर्य वितरण गरिएको छ । जर्सीको २५ हजार ३६६ डोज, होलिस्टिनको नौ हजार ५१७ डोज र साइवलको ९१३ डोज गरी साँढेको जम्मा ३७ हजार ९३६ डोज वीर्य वितरण गरिएको छ । त्यसैगरी नेपालगन्ज मुर्राको २९५ डोज र भारतीय मुर्राको २३ हजार ८५२ डोज गरी २४ हजार १४७ डोज राँगाको वीर्य वितरण भएको छ । वोयर बोकाबाट एक हजार २१४ डोज वीर्य वितरण गरिएको छ ।

कार्यालयले कृत्रिम गर्भाधान मात्र नभएर प्राकृतिक गर्भाधानसमेत गराउँदै आएको छ । प्राकृतिक गर्भाधानका लागि तीन राँगा, दुई साँढे, एक बोका, एक बाख्री र राखिएको छ । चालु आर्थिक वर्षको ११ महिनामा १५५ गाई, ३८४ भैंसी र १११ बाख्रा गरी ६५० पशुचौपायालाई प्राकृतिक गर्भाधान गराइएको पशु सेवा प्राविधिक देवनारायण जैशीले जानकारी दिए ।

विसं २०३६ मा भैंसी फाराम (बुल सेन्टर)का रूपमा स्थापना भएपश्चात् विभिन्न चरण हुँदै ४७औं वर्ष प्रवेश गरेको छ । विसं २०६० मा चरन तथा घाँसेबाली बिउ वृद्धि फार्ममा रुपान्तरण भएको, २०४२ सालमा पशु प्रजनन् कार्यालयका नाममा स्थापना भएको र देशमा सङ्घीयता कार्यान्वयनसँगै २०७५ सालमा राष्ट्रिय पशु प्रजनन् कार्यालयको नामबाट सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका बाँके, बर्दिया, दाङ, प्युठान, रोल्पा र पूर्वीरुकुम गरी २५ जिल्लामा सेवा प्रवाह भइरहेको पशु सेवा प्राविधिक जैशीले बताए ।

**कम्युनिस्ट** ...

त्यो गर्न सक्यौं भने मात्रै हामीले कम्युनिस्टहरूलाई एक बनाउन सक्छौं ।' साथै, उनले मिल्नसक्ने कुरामा मिलेर अघि बढ्नुपर्ने आवश्यकता आजको रहेको जिकिर गरे । 'मदन भण्डारीले भन्नुहुन्थ्यो, कुरा गरेर मात्रै चिउरा भिज्नेवाला छैन । कुरो मात्रै गरेर हुनेवाला केही छैन,' नेपालले भने, 'हामीले अहिले मिल्नसक्ने कुरामा मिलेर अघि बढ्नुपर्ने छ ।' उनले आत्मकेन्द्रित चिन्तनलाई पराजित गर्न नसक्ने बेलासम्म गफाडीको गफमात्रै हुने उनले बताए ।

'अब हामी कसरी अघि बढ्ने रु समाजवादी क्रान्तिको यो चरणमा प्रवेश गरेपछि कसरी नेपाली समाजलाई अघि बढाएर लैजाने हो ? त्यसका निम्ति कहाँबाट हामी चुक्यौं रु कहाँ गल्ती गऱ्यौं रु यो उचाइमा पुगेको कम्युनिस्ट पार्टी आज किन कमजोर भएको छ रु हामी सबैले आत्मसमीक्षा गरौं,' नेपालले भने- 'के हुन कारणहरू रु विचार, सिद्धान्त या हाम्रो व्यक्तिवादीताले रु मै हुँ भन्ने प्रवृत्तिले, भ्रष्टाचार गर्ने प्रवृत्तिले रु के के कारणले हो ?' उनले मदन भण्डारीलाई स्मरण गर्दै उनको विचार पछ्याउन आग्रह गरे ।

'उहाँले परसम्मको दृष्टिकोण राखेर चल्नुहुन्थ्यो । समस्याको पहिचान गर्न खोज्नुहुन्थ्यो । वास्तविकताको धरातललाई जोड दिनुहुन्थयो । चुनौतीको सामना गर्ने आँट गर्नुपर्छ भन्नुहुन्थ्यो । उहाँले पार्टीको अनुशासन कहिले पनि तोड्नुभएन । थुप्रै संस्मरणका शृंखला छन्,' नेपालले भने- 'कुनै पनि प्रतिस्पर्धामा श्रेष्ठ हुने कुरामा उहाँले जोड दिनुभएको छ । जबजका कतिपय पक्ष हामीले अहिले पनि ग्रहण गर्नुपर्ने हुन्छ ।' कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले देशका दुई ठूलो कम्युनिस्ट पार्टी एक भएको भए निर्वाचनमा सर्मनाक हार व्यहोर्न नपर्ने बताएका छन् । नेपालको कम्युनिस्ट आन्दोलन र जननेता मदन भण्डारी विषयक विचार गोष्ठीमा सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् । एमाले र नेकपाले चुनावअघि नै कार्यगत एकता गरेको भए करिब १ सय सिट आउने उनको दाबी छ । उनले रास्वपा नेतृत्वको सरकार सञ्चालन गरिरहेका प्रधानमन्त्री बालेन शाहलाई 'तानाशाही' रहेको आरोप पनि सम्बोधनको क्रममा लगाए ।

'करिब एक सय सिट वामपन्थीको हुन्थ्यो । आज यो बालेनको तानाशाही चल्ने थिएन । देशको परिस्थिति बेग्लै हुन्थ्यो । हामी इतिहास र जनताले माग गरेका कुरा अनुरुप अघि बढन सक्यौं कि सकेनौं ? यो आत्मसमीक्षा गर्ने घडी पनि हो ।'- खनालले भने । उनले चुनावअघि नै एमाले र नेकपाको कार्यगत एकता भएको खण्डमा आउने चुनावी परिमाणमको आकलन पनि सम्बोधनको क्रममा सुनाए ।

'फागुन २१ को चुनावमा नेपालको वामपन्थी आन्दोलनले जुन सर्मनाक पराजय भोग्नुपऱ्यो, यदी यिनै दुईवटा दलमात्रै निर्वाचनभन्दा अगाडि कार्यगत एकता गरेको भए, तथ्यांक एकपटक सम्झना गरौं त नेपाली कम्युनिस्ट पार्टीले १७, नेकपा एमालेले २५ दुईवटा जोड्दा ४२ सिट । यो दुईवटा जुध्दा हामीले ३२ सिट हामीले हरायौं । त्यो ३२ पनि हाम्रै हुन्थ्यो । त्यो दुईवटा जोड्दा ७४ हुन्थ्यो । दुईवटाबीच एकता भएको भए त्यो मल्टिप्लाई हुन्थ्यो । करिब १ सय सिट वामपन्थीको हुन्थ्यो ।'- खनालले भने । उनले सरकारले सुकुमवासीको नाममा समाजमा डोजर आतंक सिर्जना गरिएको पनि बताएका छन् ।

समाजमा आतंक सिर्जना गरेर सुकुम्वासी समस्या समाधान नहुने उनको भनाइ छ । क्रान्तिकारी भूमि सुधार बिना वास्तविक भूमिहीन, गरिब किसान सुकुम्वासीको समस्या समाधान हुने उनले बताए । खनालले भने-'सुकुमवासीको नाममा जुन प्रकारको डोजर आतंक समाजमा सिर्जना गरिएको छ । सुकुम्वासी समस्या त्यसरी समाधान गरिँदैन । क्रान्तिकारी भूमि सुधार बिना वास्तविक भूमिहीन, गरिब किसान सुकुम्वासीको समाधान हुन सक्दैन । हामीले लामो समयदेखि जनतालाई भन्दै आइरहेका छौं । त्यसरी सुकुम्वासी समस्या समाधान हुँदैन ।'

**सुस्तावासीको**...

सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जैसवालले सुस्ताको समस्या नयाँ नभएको उल्लेख गर्दै २०६३ सालदेखि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, तत्कालीन उपराष्ट्रपति परमानन्द झा, पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई तथा पुष्पकमल दाहाल (प्रचण्ड) लगायत शीर्ष राजनीतिक नेतृत्वलाई पटक-पटक ध्यानाकर्षण गराइएको बताए । अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन संयुक्त राष्ट्रसंघमा समेत हस्ताक्षरसहित ज्ञापनपत्र बुझाइसकेको उनले बताए ।

अभियानले सरकारसमक्ष नेपालको भूमि अतिक्रमण रोक्न प्रभावकारी कूटनीतिक पहल, सुस्तावासीलाई तत्काल नागरिकता वितरण, भोगचलनको जग्गाको नापजाँच गरी लालपुर्जा उपलब्ध गराउने, सीमा सुरक्षालाई प्रभावकारी बनाउने, शिक्षा-स्वास्थ्य-सडक-सञ्चारजस्ता आधारभूत सेवाको पहुँच सुनिश्चित गर्ने तथा सीमासम्बन्धी विषयमा आधिकारिक तथ्यका आधारमा मात्रै सरकारी धारणा सार्वजनिक गर्नु पर्ने माग अघि सारेको छ ।

सुस्ता बचाउ अभियानका अध्यक्ष आदम खाँ र सुस्ता बचाउ युवा अभियानका अध्यक्ष योगेन्द्र गौतमद्वारा हस्ताक्षरित विज्ञप्तिमा राष्ट्रिय सीमा रक्षा, सुस्ता भूभागको सीमा विवादको स्थायी समाधान र सुस्तावासीको अस्तित्व जोगाउन नेपाल सरकारले यस विषयलाई उच्च प्राथमिकतामा राखी तत्काल ठोस कदम चाल्न अभियानले माग गरेको छ । युवा अभियानका अध्यक्ष गौतमले राष्ट्रियता भन्दा ठूलो विषय अरु हुन नसक्ने भन्दै यसमा सबै दल र पक्षको एउटै आवाज हुनुपर्ने बताए ।

सुस्ताबासीका मागहरू सम्बोधन नभए आफ्नो हक, अधिकार र राष्ट्रियताको रक्षाका लागि थप सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने प्रवक्ता जैसवालले चेतावनी दिएका छन् ।

सुस्ताको सीमा विवाद दशकौंदेखि नेपालको संवेदनशील राष्ट्रिय मुद्दाका रूपमा रहँदै आएको छ । तर राजनीतिक नेतृत्वका बारम्बारका प्रतिबद्धताका बाबजुद स्थायी समाधान हुन नसक्दा स्थानीय बासिन्दाले नागरिकता, सुरक्षा र विकासका आधारभूत अधिकारबाट समेत वञ्चित रहनुपरेको गुनासो दोहोरिँदै आएको छ ।

## लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम १ सँग सम्न्धित अनुसूची ९ बमोजिमको संक्षिप्त वातावरणीय अध्ययनको लागि सार्वजनिक सूचना

## लुम्बिनी प्रदेश रुपन्देही जिल्ला, मायादेवी गाँउपालिका वडा नं ८, लुम्बिनी रोडमा २५ शैय्या क्षमतामा स्तरोन्नती हुने श्री भैरहवा मल्टी हस्पिटल प्रा.लि. प्रस्तावको सक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सात ७ दिने सार्वजनिक सूचना

**प्रकाशन मितिः** २०८३/०३/१५

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **क. नामः** भैरहवा मल्टी हस्पिटल प्रा.लि.<br>**ख. ठेगानाः** मायादेवी गाँ.पा. वडा नं ८ लुम्बिनी रोड<br>**ग.इमेलः** info@bhairahawahospital.com<br>**घ. फोन नंः** ९८५७०८९८२० |
| **प्रस्तावको व्यहोरा** | **क. कार्यान्वयन हुने स्थानः** मायादेवी गा.पा.-८ लुम्बिनी रोड कि.नंः साविक मायादेवी ५ खको ४०६, ५२३, ५३३, ५९३, ५९६, ५९७, ५९९ र ६०० (करार, कूल क्षेत्रफल ०-८-१९)<br>**ख. चार किल्लाः** पूर्वः मोमिन खान विशाल गुप्ता तुलाराम यादव राम बहादुर केसी समेत पश्चिमः कच्ची बाटो उत्तर लुम्बिनी रोड पक्की सडक दक्षिण कच्ची बाटो<br>**ग. प्रस्ताव बारे सामान्य जानकारीः** हाल १५ शैयूयामा सञ्चालित यस अस्पताल २५ शैयूया क्षमतामा स्तरोन्नति हुने<br>**घ. लगानी रुः** रु १५ करोड (कूल लगानी)<br>**ङ. लगानीको किसिमः** निजी |
| **प्रभाव पर्ने/पर्न सक्ने जिल्ला/न.पा. /गा.पा.** | रुपन्देही जिल्ला मायादेवी गाँ.पा. वडा नं ८ र सिद्धार्थनगर नगरपालिका वडा नं. ४ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, रसायनिक समाजिक, साँस्कृतिक र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न यस क्षेत्रमा रहेका विद्यालय अस्पताल तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन तथा वातावरण मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | भैरहवा मल्टी हस्पिटल प्रा.लि. , मायादेवी गा.पा.-८ लुम्बिनी रोड रुपन्देही<br>इमेलः info@bhairahawahospital.com फोन नंः ९८५७०८९८२० |
| **परामर्शदाताको नाम र ठेगाना** | धरातल सेवा सिद्धार्थनगर नगरपालिका वडा नं ७ रुपन्देही<br>इमेलःearthservices2013@gmail.com फोन नंः ९८१८५५५५३९ |


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

रु.जि.हु.द.न.१३/०६३/०६४
२०८३ असार १५ गते, सोमबार
Monday Jun 29, 2026
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



अछामको धामी गाउँ

अछामको मेल्लेख गाउँपालिका-१ स्थित धामी गाउँका परम्परागत घरबस्ती। तस्विर : रासस

# अन्तरपालिका दलित जनप्रतिनिधि सम्मेलनको ३१ बुँदे घोषणापत्र



अर्घाखाँची । अर्घाखाँचीमा अन्तरपालिका दलित जनप्रतिनिधिहरूको प्रथम जिल्ला सम्मेलन ३१ बुँदे 'मालारानी घोषणापत्र' जारी गर्दै सम्पन्न भएको छ।

मालारानी गाउँपालिकाको आयोजनामा सम्पन्न सम्मेलनको उद्घाटन जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले गरेका थिए । उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले जिल्लाका छवटै स्थानीय तहका दलित जनप्रतिनिधिहरूलाई एउटै मञ्चमा ल्याई अनुभव आदान-प्रदान गर्ने अवसर सिर्जना गरेकोमा मालारानी गाउँपालिकाको पहल अनुकरणीय रहेको बताए।

कार्यक्रममा मालारानी गाउँपालिकाका अध्यक्ष दलबहादुर भट्टराईले दलित जनप्रतिनिधिबिच अनुभव आदान-प्रदान, सहकार्य र साझा धारणा निर्माण गर्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको बताउँदै सहभागी सबै स्थानीय तहका जनप्रतिनिधिलाई धन्यवाद व्यक्त गरे । गाउँपालिका उपाध्यक्ष दिपा पोखेलले सम्मेलनबाट जिल्लास्तरीय सञ्जाल निर्माण भएकाले आगामी दिनमा दलित अधिकार, समावेशी विकास र साझा मुद्दामा थप प्रभावकारी सहकार्य हुने विश्वास व्यक्त गरिन् ।

सम्मेलनमा प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराईले समावेशी विकासमा दलित जनप्रतिनिधिहरूको भूमिका, अधिवक्ता कृष्ण विश्वकर्माले संविधान तथा कानुनमा दलित अधिकार र व्यवस्थाहरू, तथा सन्धिखर्क नगरपालिकाका संस्थापक उपप्रमुखले स्थानीय तहमा दलित जनप्रतिनिधिहरूको भूमिका, अवसर र चुनौती विषयमा सहजीकरण गरेका थिए।

सम्मेलनले 'जातीय छुवाछुत तथा विभेदमुक्त अर्घाखाँची, समतामूलक समाज निर्माण हाम्रो प्रतिबद्धता' भन्ने मूल संकल्पसहित ३१ बुँदे मालारानी घोषणापत्र जारी गरेको छ।

घोषणापत्रमा संविधानले सुनिश्चित गरेका दलित समुदायका अधिकारको पूर्ण कार्यान्वयन, जातीय छुवाछुत तथा विभेदको अन्त्य, शिक्षा, स्वास्थ्य, रोजगारी, सीप विकास र आर्थिक सशक्तीकरणलाई प्राथमिकता, दलित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि विशेष कार्यक्रम सञ्चालन, परम्परागत सीप, कला र संस्कृतिको संरक्षण तथा आधुनिकीकरण, योजना तथा बजेट निर्माणमा दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

यस्तै, स्थानीय तहमा दलित विकास समिति गठन, छुवाछुत तथा विभेदविरुद्ध स्थानीय कानुन निर्माण, भूमिहीन तथा विपन्न दलित परिवारका लागि आयआर्जन र स्वरोजगार कार्यक्रम, दलित लक्षित बजेटको प्रभावकारी कार्यान्वयन, तथ्याङ्कमा आधारित योजना निर्माण, दलित युवाको नेतृत्व विकास, उद्यमशीलता प्रवर्द्धन, सार्वजनिक सेवामा समान पहुँच, संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय, जातीय विभेदमुक्त वडा तथा पालिका निर्माण अभियान सञ्चालन, पीडितलाई तत्काल सहयोग गर्ने संयन्त्र निर्माण, दोषीलाई कानुनबमोजिम कारबाहीका लागि पहल, स्थानीय नीति तथा कार्यक्रममा दलित मुद्दाको मूलप्रवाहीकरण तथा सामाजिक न्याय र समतामूलक समाज निर्माणका लागि सबै दलित जनप्रतिनिधि एकताबद्ध रहने प्रतिबद्धता जनाइएको छ।

सम्मेलनले लिलबहादुर विकको संयोजकत्वमा ११ सदस्यीय अर्घाखाँची जिल्ला दलित जनप्रतिनिधि सञ्जाल गठन गरेको छ। सञ्जालको सचिवमा ठाकुरकुमार सौराग र कोषाध्यक्षमा शारदा परियार चयन भएका छन् । साथै बाबुराम पन्थी सुनारको संयोजकत्वमा सल्लाहकार समिति समेत गठन गरिएको छ।

# पूर्वगृहमन्त्री लेखकले मागे लिखित प्रमाण



बुटवल । पूर्वगृहमन्त्री रमेश लेखकले भदौ २३ र २४ को घटनाबारे राष्ट्रिय मानवअधिकार आयोगले गरेको छानबिन तथा अनुसन्धान प्रतिवेदनसहितका संलग्न श्रव्यदृश्य र लिखित प्रमाणहरू माग गरेका छन् ।

शुक्रबार आयोगको कार्यालय हरिहरभवन पुगेर लेखकले 'प्रमाणित प्रतिलिपि (सूचना) उपलब्ध गराई पाऊँ' भनि निवेदन दिएका थिए । आफूलाई मानवअधिकार उल्लंघन गरेको भनी आयोगले गरेको निर्णयप्रति असहमति रहेको भन्दै के-कस्तो आधार ग्रहण गरी मानवअधिकार उल्लंघनकर्ताको संज्ञा प्रदान गरियो भन्नेमा लेखकले समष्टिगत जानकारी खोजेका छन् ।

उक्त विषयको जानकारी प्राप्त गरी मानवअधिकारसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय फोरममा आफ्नो पक्ष प्रस्तुत गर्न चाहेको उनको भनाइ छ । भदौ २३ र २४ को घटनाबारे आफ्नो पक्ष सार्वजनिक गर्न साथै आवश्यक देखिएमा संवैधानिक र कानूनी उपचारको बाटो अवलम्बन गर्ने लेखकले निवेदनमा लेखेका छन् ।

लेखकले आयोगबाट आयोगले सदस्य लीली थापाको सयोजकत्वमा अनुसन्धान तथा छानबिन समिति गठन गर्दा गरेको कार्यादेशसहितको सम्पूर्ण निर्णय, उक्त समितिले तयार गरेको प्रतिवेदन र प्रतिवेदन संलग्न श्रव्यदृश्य एवं लिखत कागज लगायत सम्पूर्ण विद्युतीय र लिखित प्रमाणहरु, प्रतिवेदनको आधारमा आयोगले गरेको निर्णय र आयोगले सरकारलाई प्रेषित गरेको सिफारिससहितको प्रतिवेदन मागेका छन् ।

# दूधमा आत्मनिर्भर बन्दै बागलुङ



बलेवा । दश वर्षपहिले मलेसियाको रोजगारीबाट फर्किएका बागलुङ नगरपालिका-१२ का लिलाधर शर्मा अहिले गाउँमा गाई फार्म सञ्चालन गर्दै आएका छन् । स्वदेमै मेहनत गर्दा मनग्य आम्दानी गर्न सकिन्छ भन्ने लागेर सुरु गरेको व्यवसायले उनलाई व्यावसायिक दूध उत्पादक किसान बनाएको छ ।

शर्माको फार्ममा अहिले २५ वटा माउ गाई छन् भने केही साना बाच्छा र भैंसी पनि छन् । उनले गाउँमा दूध उत्पादन गरेर बागलुङ बजारमा बिक्री केन्द्र पनि सञ्चालन गरेका छन् । चार वर्ष साउदीअरेबिया बसेर फर्किएका जैमिनी नगरपालिका -१ कुश्मीशेराका विकास पौडेलको गोठ पनि दुधालु गाईले भरिभराउ छ । व्यावसायिक दूध उत्पादक किसान बनेका उनको दम्पतीलाई अहिले दूधको उत्पादन र बिक्रीमा भ्याइनभ्याइ छ ।

पौडेल र शर्मा मात्रै होइन पछिल्लो समय विदेशका दुःख सम्झेर गाउँ फर्किने र विदेश जान नचाहने युवाहरू व्यावसायिक कृषि उत्पादनमा लाग्न थालेका छन् । विदेश जानुभन्दा स्वदेशमा बसेर आम्दानी गर्न सकिन्छ भनेर बागलुङका किसान व्यवसायिक पशुपालनमा लाग्न थालेका हुन् । गाईभैंसी पाल्ने किसानलाई स्थानीय, प्रदेश र सङ्घीय सरकारबाट अनुदान, उपचार र प्राविधिक सहयोग उपलब्ध हुन थालेपछि किसान थप हौसिएका छन् ।

बागलुङमा वार्षिक २३ हजार १५७ मेट्रिक टन दूध उत्पादन हुने गरेको जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले जनाएको छ । व्यावसायिक किसानको संख्या बढेसँगै बागलुङ दूध उत्पादनमा आत्मनिर्भर बनेको केन्द्रका प्रमुख डा.ऋषिराम सापकोटाले बताए ।

व्यावसायिक किसानलाई स्थानीय सरकारले सहयोग गर्ने र सङ्घीय तथा प्रदेश सरकारका किसान लक्षित कार्यक्रम किसानसँगै पुग्ने भएकाले दूधको उत्पादन पनि बढेको प्रमुख सापकोटाले बताए । आवश्यकताभन्दा बढी उत्पादन भइरहेको दूध छिमेकी जिल्लामा निर्यात हुने गरेको केन्द्रले जनाएको छ ।

जिल्लाको दक्षिण क्षेत्रबाट छिमेकी जिल्ला पर्वत र पश्चिम क्षेत्रबाट छिमेकी गुल्मीमा दूध निर्यात हुने गरेको तथ्याङ्क रहेको प्रमुख डा. सापकोटाले बताए । केही वर्ष पहिलासम्म पोखराबाट दूध ल्याएर बिक्री गर्दै आएका व्यापारी अहिले भने किसानको घरबाट सिधैं खरिद गरी डेरी पसलमा ल्याउने गरेका छन् । जिल्लामा १५ वटा सहकारीबाट दूध बिक्री हुँदै आएको छ । यहाँका किसानले व्यक्तिगत, समूहगत र सहकारीमार्फत् गाई, भैंसीपालन गरी दूध उत्पादन गर्दै आएका जिल्ला दुग्ध सहकारी सङ्घका अध्यक्ष दीपक गौतमले जनाए । बजारमा स्थानीय उत्पादनले पर्याप्त हुने गरेको उनको भनाइ छ ।

जिल्लाभर ८६ हजार ९२० भैंसी र २१ हजार ६६० गाईपालन भइरहेको केन्द्रका प्रमुख डा. सापकोटाले जानकारी दिए । व्यावसायिक र घरायसी प्रयोजनलाई पालिएका पशुचौपायको समेत तथ्याङ्क निकालेर केन्द्रले दूधको उत्पादनको मूल्याङ्कन गर्दै आएको उनले बताए । केन्द्रका प्रमुख डा. सापकोटाका अनुसार यहाँ मुर्रा, स्थानीय क्रस, जर्सी, होलस्टेन जातका गाईपालन हुँदै आएको छ । ग्रामीण भेगसम्म सडकको सहज पहुँच, यातायातको सुविधा, उचित मूल्य, स्थानीय तहको उत्पादनमा आधारित अनुदान, घाँस तथा परालको उपलब्धतालगायत कारणले किसानलाई पशुपालनमा व्यावसायिक बनाउन सहयोग पुगेको किसान विकास पौडेल बताउँछन् ।

# लुम्बिनीमा वन संरक्षण र हरियाली प्रवर्द्धनको वृहत् अभियान



भैरहवा । लुम्बिनी प्रदेशमा आइतबारदेखि वृहत् वृक्षरोपण अभियान सुरु भएको छ । वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय तथा विभिन्न सामुदायिक वन कार्यालयको सहकार्यमा अभियानको थालिएको हो ।

अभियानअन्तर्गत प्रदेशभर २५ लाख बिरुवा उत्पादन गरिएका छन् भने ६० हेक्टरभन्दा बढी क्षेत्रफलमा वृक्षरोपण गर्ने लक्ष्य छ । सरकारी, निजी तथा सार्वजनिक स्थानमा विभिन्न प्रजातिका बिरुवा रोपिने छन् ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गढवा गाउँपालिका-२, महदेवास्थित महदेवा सामुदायिक वनमा बिरुवा रोपेर अभियानको आरम्भ गरे । त्यस अवसरमा मुख्यमन्त्री आचार्यले बिरुवा रोप्नु मात्र पर्याप्त नभई तिनको संरक्षणमा जोड दिएका थिए ।

हरेक वर्ष लाखौं बिरुवा रोपिए पनि संरक्षणको अभावमा अपेक्षित परिणाम हासिल हुन नसकेको उल्लेख गर्दै उनले संरक्षण अभियानलाई सफल बनाउनु सबै नागरिकको जिम्मेवारी भएको स्मरण गराए ।

लुम्बिनी प्रदेशसभा सदस्य इन्द्रजित थारुले प्रकृतिको अस्तित्व मानवभन्दा पुरानो भएकाले यसको विनाशले मानव सभ्यतामै सङ्कट निम्त्याउन सक्ने चेतावनी दिए । उनले वन तथा वातावरण संरक्षणलाई अभियानका रूपमा अघि बढाउनुपर्नेमा जोड दिए । लमही नगरपालिकाका कार्यवाहक प्रमुख लक्ष्मी योगीले वन संरक्षणलाई आयआर्जन र उद्यमसँग जोड्नुपर्ने आवश्यकता औंल्याइन् । वन तथा वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराईले वृक्षरोपणमा जैविक विविधतालाई प्राथमिकता दिइएको जानकारी दिए ।

उनका अनुसार पानी जम्ने क्षेत्रमा जामुन, अन्य स्थानमा मौवा, डाले घाँस, फूल फुल्ने तथा सांस्कृतिक महत्व बोकेका विभिन्न प्रजातिका बिरुवा रोपिएका छन् ।

डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) का प्रमुख महेन्द्रराज वाग्लेले वृक्षरोपणलाई सफल बनाउन वन क्षेत्रमा चरिचरण नियन्त्रण, डढेलो व्यवस्थापन, गोडमेल, झाडी सफाइ तथा नियमित स्याहार-सुसारमा विशेष ध्यान दिनुपर्ने बताए । सामुदायिक वन उपभोक्ता महासङ्घ दाङका अध्यक्ष हरिप्रसाद भुसालले महदेवा सामुदायिक वनको १८ हेक्टर क्षेत्रफलमा ३० हजारभन्दा बढी बिरुवा रोपिएका जानकारी दिए ।

# समाज रूपान्तरणमा दलित पत्रकारको भूमिका महत्वपूर्ण : नगर प्रमुख श्रेष्ठ



सन्धिखर्क । सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले समाज र राष्ट्रको रूपान्तरणमा दलित समुदायका पत्रकारहरूको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको बताएका छन् ।

सन्धिखर्क नगरपालिकाको आर्थिक सहयोग तथा दलित चेतना विकास परिषद्, नेपाल को सहजीकरणमा सञ्चालित दलित समुदायका पत्रकारहरूको क्षमता अभिवृद्धि तालिमको उद्घाटन कार्यक्रममा बोल्दै नगर प्रमुख श्रेष्ठले दलित पत्रकारहरूले समाजमा रहेका विभेद, अन्याय र असमानताका विषय उजागर गर्दै सामाजिक न्याय स्थापनाका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताए।

उनले पत्रकारिता क्षेत्रमा दलित समुदायका पत्रकारहरूको क्षमता अभिवृद्धि, पेशागत सुरक्षा तथा समान अवसर सुनिश्चित गर्नु आजको आवश्यकता भएको उल्लेख गर्दै जिम्मेवार, निष्पक्ष र व्यावसायिक पत्रकारिताले समावेशी समाज निर्माणमा महत्त्वपूर्ण योगदान पुर्‍याउने धारणा व्यक्त गरे।

कार्यक्रममा सन्धिखर्क नगरपालिका-२ का वडा अध्यक्ष मोतिजङ्ग रायमाझी, गैरसरकारी संस्था महासङ्घका अध्यक्ष ठाकुर अधिकारी तथा नेपाल पत्रकार महासङ्घ अर्घाखाँचीका पूर्व अध्यक्ष शोभाखर पन्थीले सामाजिक रूपान्तरण, समावेशी विकास र समानतामूलक समाज निर्माणमा दलित समुदायको योगदान उल्लेखनीय रहेको बताए।

तालिममा नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय सदस्य राधा नेपाली, पूर्व अध्यक्ष शोभाखर पन्थी तथा राष्ट्रिय दलित पत्रकार सङ्घ, लुम्बिनी प्रदेशका सचिव अनिल नेपाली ले सहजीकरण गरिरहेका छन् ।

दुई दिनसम्म सञ्चालन हुने तालिममा पत्रकारिता क्षमता अभिवृद्धि, समाचार लेखन, पेशागत सुरक्षा, सञ्चार आचारसंहिता तथा समसामयिक पत्रकारितासम्बन्धी विषयमा प्रशिक्षण प्रदान गरिने आयोजकले जनाएको छ। कार्यक्रमको सञ्चालन अनिल नेपाली ले गरेका थिए।

# खुल्ला रक्तदान कार्यक्रम सम्पन्न

कञ्चन । रुपन्देहीको कञ्चन गाउँपालिका वडा नं. १ स्थित कुचेरा चौपारीमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा २३ जना रक्तदाताहरुले रक्तदान गरेका थिए।

कञ्चन सूचना तथा सञ्चार केन्द्र, कञ्चन ४ अस्नैया रुपन्देहीको आयोजना तथा मन्दिर आमा समूह र नमूना युवा क्लब, कञ्चन १ कुचेराको व्यवस्थापनमा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा कञ्चन सूचना तथा सञ्चार केन्द्रका प्रवन्ध सञ्चालक जगीलाल थापाले पछिल्लो समय अत्याधिक गर्मीका अस्पतालहरुमा बिरामीहरुको चाप बढेसँगै रगतको समेत अभाव देखिएको सन्दर्भमा विभिन्न स्थानमा रक्तदान कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरी रगत संकलन गर्ने कार्यलाई निरन्तरता दिनु परेको बताए।

यस्तै पश्चिम कुचेरा टोल विकास संस्थाका अध्यक्ष दिलाराम थापाले रक्तदान जीवनको महादान भएको उल्लेख गरेका थिए भने नमूना युवा क्लबका अध्यक्ष धनबहादुर तरामुले रक्तदान गर्नु भनेको मानवीय सेवाको उच्चतम कार्य भएको विचार व्यक्त गरेका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com